के तपाईं अजान सुन्नुहुन्छ ?" उनले जवाफ दिए, "हो, म सुन्छु" त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाइँ नमाज पढ्न मस्जिदमा आउनुपर्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : एक अन्धो मानिस रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो: हे अल्लाहका रसूल! मलाई मस्जिद सम्म डोर्याएर
ल्याउने कोही मान्छे छैन । त्यसैले मलाई घरमा नमाज पढ्न अनुमति दिनुहोस् । उहाँले (सुरुमा) उसलाई अनुमति दिनुभयो, तर जब ती व्यक्ति बाहिर निस्कन लागे, उहाँले तीनलाई बोलाउनुभयो र सोध्नुभयो: "के तपाईं अजान सुन्नुहुन्छ ?" उनले जवाफ दिए, "हो, म सुन्छु" त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाइँ नमाज पढ्न मस्जिदमा आउनुपर्छ ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

एक अन्धो मानिस रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो: हे अल्लाहका रसूल! मलाई मस्जिदमा ल्याउन मद्दत गर्ने र पाँचवटा अनिवार्य सलाहको लागि मस्जिदमा हात समातेर ल्याउने कोही मान्छे छैन । वास्तवमा, उनी घरमा नमाज पढ्न रसूल (सल्लल्लाहु अलैहि वसल्लम) संग अनुमति चाहन्थे । उहाँले (सुरुमा) अनुमति पनि दिनुभयो, तर जब उनी बाहिर निस्कन थाले, उहाँले उनलाई बोलाउनुभयो र सोध्नुभयो: "के तपाईं अजान सुन्नुहुन्छ?" जब उनले सुन्छु भनेर जवाफ दिए, त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाई नमाज पढ्न मस्जिदमा आउनुपर्छ ।"

http://www.sunnah.global/hadeeth/ne/show/11287